म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष :१७ अङ्क :- १२७ २०८२ चैत १६ गते सोमबार 30 March 2026, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं।

**सम्पादक।**

### बालेन सरकारको १०० बुँदे कार्यसूची

# कार्यान्वयन भए मुलुकले फड्को मार्ने



'दलित समुदायसँग माफी माग्ने विषयलाई भावनात्मक र सकारात्मक कदम'
प्रताप विष्ट, वरिष्ठ पत्रकार



'सीता वादी जस्तो सीमान्तकृत समुदायको प्रतिनिधि मन्त्री बन्नु ऐतिहासिक कदम'
रमिला सापकोटा, गैसस मकवानपुर अध्यक्ष



लगानीको वातावरण बनाउने आशा'
बद्रिनाथ शर्मा, अध्यक्ष, उद्योग संघ मकवानपुर



'हामीले खोजेको सुशासन र औद्योगिक सुरक्षा नै हो'
प्रमोदसिंह रानाभाट, मउवासंघ अध्यक्ष

आतिश कुमार यादव

हेटौंडा : बालेन्द्र शाह (बालेन) को नेतृत्वमा गठित सरकारले अघि सारेको १०० बुँदे शासकीय सुधारको कार्यसूचीप्रति मकवानपुरका बौद्धिक, नागरिक समाज र व्यावसायिक क्षेत्रका अगुवाहरूले सकारात्मक प्रतिक्रिया दिएका छन्। उनीहरूले यो कार्यसूची केवल कागजमा सीमित नभई व्यवहारमा लागू भए मुलुकमा सुशासनको प्रत्याभूति हुने र आर्थिक समृद्धिको ढोका खुल्ने विश्वास व्यक्त गरेका छन्।

मकवानपुरका वरिष्ठ पत्रकार प्रताप विष्टले सरकारको कार्यसूची तोकिएको समयसीमा भित्रै सम्पन्न भए जनताले वास्तविक परिवर्तन महसुस गर्ने बताउनुभयो। उहाँका अनुसार विगतका सरकारहरूले ठूला भाषण गरे तर काम गर्न नसक्दा जनताले विकल्प खोजे, जसको परिणाम स्वरूप रास्वपाले दुई तिहाइको मत पाएको हो। यो जनमतको कदर गर्दै सरकारले भ्रष्ट्राचारमुक्त समाज निर्माणमा लाग्नुपर्ने उहाँको भनाइ छ। उहाँले दलित समुदायसँग माफी माग्ने विषयलाई भावनात्मक र सकारात्मक कदम भन्दै विभेद अन्त्य गर्न यसलाई व्यवहारमै उतार्नु पर्ने बताउनुभयो। पत्रकारिता क्षेत्रलाई दलीय प्रभावबाट मुक्त राख्दै पत्रकारको वृत्तिविकासमा सरकारले सहयोग गर्नुपर्ने उहाँको धारणा छ।

त्यस्तै, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले सरकारको कार्यसूचीलाई अहिलेसम्मकै 'उत्कृष्ट' कार्यसूचि बताउनु भएको छ। उहाँले महिला र सीमान्तकृत समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन सरकारले देखाएको तत्परताको प्रशंसा गर्नुभयो। सीता वादी जस्तो सीमान्तकृत समुदायको प्रतिनिधि मन्त्री बन्नु ऐतिहासिक कदम भएको उहाँले बताउनुभयो। विद्यालय र विश्वविद्यालयलाई राजनीतिक संगठनमुक्त बनाउने र ट्रेड युनियनको खारेजी गर्ने निर्णय एकदम उचित भएको उहाँले बताउनुभयो। शैक्षिक संस्था राजनीतिक संगठनको हुँदा नैतिक शिक्षा हराउँदै गएको आरोप समेत उहाँले लगाउनु भयो।

आर्थिक र औद्योगिक क्षेत्रका नेतृत्वकर्ताहरूले पनि सरकारको नीतिलाई स्वागत गरेका छन्। उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माले नयाँ औद्योगिक नीतिले चाँडै औद्योगिक क्षेत्रमा निजी र वैदेशिक लगानीको वातावरण बनाउने आशा व्यक्त गर्नुभयो। हाललाई ट्रेड युनियन खारेज गर्ने निर्णय उचित भएपनि भविष्यमा एउटा उद्योगमा एउटा मात्र युनियन रहने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ। सरकारले सार्वजनिक गरेको कार्यसूचि अनुसार इमान्दारीपूर्वक काम भए मुलुक फड्को मार्ने उहाँले बताउनुभयो।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटले व्यवसायीहरू आतिएको अवस्थामा सरकारको नयाँ नीतिले उत्साह थपेको बताउनुभयो। 'हामीले खोजेको सुशासन र औद्योगिक सुरक्षा नै हो', अध्यक्ष रानाभाटले भन्नुभयो। औद्योगिक क्षेत्रको विकासका लागि आफुहरु सरकारसँग सहकार्य गरी अगाडि तयार रहेको उहाँले स्पष्ट पार्नुभयो। मकवानपुरका सरोकारवालाहरूले नयाँ र पुराना सरकारबीचको भिन्नता 'बोलीमा भन्दा पनि व्यवहारमा' देखिनुपर्नेमा जोड दिएका छन्। दुई तिहाइको बलियो सरकारले अघि सारेको यो कार्यसूचीले मुलुकलाई कम्तीमा एक कदम अगाडि लैजानेमा उनीहरू विश्वस्त देखिएका छन्।

### सञ्चारकर्मीमाथि एमाले कार्यकर्ताद्धारा आक्रमण

# संयमित हुन स्वतन्त्र पत्रकारको आग्रह

समाज संवाददाता

हेटौंडा : समाचार संकलनका लागि खटिएका पत्रकारमाथि नेकपा एमालेका कार्यकर्ताले हेटौंडामा सञ्चारकर्मीमाथि आक्रमण गरेका छन्। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रहरीले पक्राउ गरेपछि आन्दोलित नेकपा एमालेका कार्यकर्ताले आइतबार दिउँसो हेटौंडामा सञ्चारकर्मीमाथि आक्रमण गरेका हुन्। विरोध प्रदर्शन गर्दै हेटौंडाको कान्तिराजपथमा स्थानीय एक महिलाले घन्टी बजाएर एमाले कार्यकर्तालाई गिज्याएपछि ती महिलामाथि आक्रमण गरेका एमाले कार्यकर्ताले भिडियो बनाएको भन्दै सञ्चारकर्मीलाई आक्रमण गरेका हुन्।

एमाले कार्यकर्ताले सञ्चारकर्मी सन्तोष बिक र चक्र बोहरामाथि आक्रमण गरेका हुन्। महिलामाथि आक्रमण गरेको भिडियो खिचेको भन्दै भिडियो डिलेट गर्न धम्क्याउँदै एमाले कार्यकर्ताले सन्तोष र चक्रमाथि आक्रमण गरेका हुन्। उनीहरुलाई कुटपिट समेत गरिएको छ। पीडित सन्तोषले एमाले कार्यकर्ताले भिडियो बनाएको भन्दै आक्रमण गरेको बताए। सञ्चारकर्मीमाथि आक्रमण भएको घटनामा स्वतन्त्र पत्रकार संघ मकवानपुरले विरोध जनाएको छ। स्वतन्त्र पत्रकार संघ मकवानपुरका सचिव बसन्त भण्डारीले विज्ञप्ति निकालेर सञ्चारकर्मीमाथि भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्।

सञ्चारकर्मीमाथि भएको दुर्व्यवहार तथा आक्रमण घोर निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको प्रत्यक्ष हस्तक्षेप भएको सचिव भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ। अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको अधिकार विरुद्ध हुने यस किसिमको घटनाले गम्भीर आघात पुऱ्याएको उल्लेख गर्दै संघले जिल्ला प्रशासन कार्यालय मकवानपुर, नेपाल प्रहरीलगायत सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउँदै सञ्चारकर्मीहरूले सुरक्षित रूपमा आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्न सक्ने वातावरण सुनिश्चित गर्न तत्काल प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन माग गरेको छ। साथै स्वतन्त्र पत्रकार संघले विरोध प्रदर्शनमा सहभागी हुने नेता, कार्यकर्तालाई संयमित र जिम्मेवार भई सञ्चारकर्मीको सुरक्षाप्रति संवेदनशील हुन अनुरोधसमेत गरेको छ। सञ्चारकर्मीमाथिको दूर्व्यवहारको घटनाबारे नेपाल पत्रकार महासंघलाई पनि जानकारी गराइएको संघले जनाएको छ।



स्वतन्त्र पत्रकार संघ नेपाल
INDEPENDENT JOURNALIST ASSOCIATION NEPAL
मकवानपुर

*सञ्चारकर्मीमाथि भएको आक्रमणप्रति ध्यानाकर्षण भएको जनाउँदै स्वतन्त्र पत्रकार संघ मकवानपुरले जारी गरेको विज्ञप्ति।*

# बागमतीमा कटौतीको प्रस्ताव : कहिले हुन्छ कार्यान्वयन ?

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले प्रशासनिक खर्च घटाउँदै मितव्ययी शासन प्रणाली अपनाउन प्रशासनिक संरचना सुदृढीकरण अध्ययन गरेको गरेको छ। सरकारले खर्च कटौती र सेवा प्रवाहलाई चुस्त बनाउन प्रशासनिक संरचनामा फेरबदलको तयारी गरेको हो। प्रदेशको १४ वटा मन्त्रालयलाई घटाउने र कर्मचारी दरबन्दी प्रभावकारी बनाउने तयारी अनुसार प्रदेश सरकारले गत कात्तिकदेखि समिति गठन गरी अध्ययन थालेको थियो। पूर्वसचिव विमल वाग्ले संयोजकत्वको विज्ञ टोलीले प्रदेशको प्रशासनिक क्षेत्रको अवस्था मूल्यांकनसहित प्रदेश सरकार समक्ष प्रतिवेदन बुझाइसकेको छ।

प्रतिवेदनमा ७ वटा मन्त्रालयलाई विभागीय जिम्मेवारीसहितको विभाजन पनि गरिएको छ। तीन महिनाभित्र अध्ययन प्रतिवेदन बुझाउने गरी गत मंसिर पहिलो हप्ताबाट काम थालेको विज्ञ टोलीले २७ फागुन बुधबार प्रदेश सरकारलाई प्रतिवेदन बुझाएको थियो। समिति संयोजक वाग्लेले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, उच्चस्तरीय प्रदेश प्रशासनिक पुनर्संरचना निर्देशक समिति संयोजक कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेललाई प्रतिवेदन हस्तान्तरण गरेका थिए। समितिले प्रशासनिक पुनर्संरचनाका लागि आश्वयक मन्त्रालय संख्याको सुझाव, मन्त्रालय मातहतका कार्यालयको आवश्यकता निर्धारण, कर्मचारीहरुको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सहितको सरकारलाई प्रतिवेदनमा सुझाव दिएको थियो।

पूर्वसचिव वाग्ले नेतृत्वको समितिले बुझाएको 'प्रशासनिक पुनर्संरचना प्रतिवेदन' हाल प्रशासनिक पुनर्संरचनाका लागि उच्चस्तरीय निर्देशक समितिमा अध्ययनको क्रममा रहेको छ। पूर्वसचिव वाग्ले संयोजक रहेको समितिमा रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल, जिवनप्रभा लामा सदस्य र प्रदेश सचिव पूर्णबहादुर दर्जी सदस्यसचिव रहेका थिए। सत्ता टिकाउन विगतमा मन्त्रालय फुटाउने प्रवृत्तिको अन्त्य गर्दै संरचनागत सुधारमा लागेको सरकारले प्रतिवेदनलाई राजनीतिक सहमतिपछि आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा लैजाने योजना बनाएको छ।

समितिको प्रतिवेदनले मन्त्रालयको संख्या ८ बनाउने तथा विभिन्न बोर्ड तथा निर्देशनालय र आयोगहरु खारेज गर्न सुझाव दिएको छ। समितिले नीति तथा योजना आयोग खारेज गर्न सिफारिस गरेको छ। प्रस्तावित ७०१ दरबन्दी कटौतीबाट मात्रै वार्षिक ४८ करोड ५६ लाख रुपैयाँ बचत हुने अनुमान गरिएको छ। समितिको उक्त प्रतिवेदन प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको नेतृत्वमा रहेको प्रशासनिक पुनर्संरचनाका लागि उच्चस्तरीय निर्देशक समितिमा छलफलको क्रममा रहेको छ।

### यी हुन् प्रस्तावित ८ मन्त्रालय

समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसहित, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय, कृषि पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय बनाउन सुझाव दिएको समितिका एक सदस्यले बताए।

यस्तै, वन तथा वातावरण मन्त्रालय, सहरी तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय कायम गर्न सुझाव दिइएको छ। मन्त्रालय र कार्यान्वयन इकाइको बीचमा अन्य संरचना भए त्यसलाई हटाउन उपयुक्त हुने समितिको सुझाव छ। हाल बागमती सरकारमा मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी ऊर्जा तथा सिंचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम रोजगार तथा यातायात, उद्योग वाणिज्य भूमि तथा प्रशासन, संस्कृति पर्यटन, सहकारी तथा गरिबी निवारण, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय छन्।

अध्ययन समितिले प्रदेशमा रहेका ७०१ कर्मचारी दरबन्दी कटौती गर्न प्रस्ताव पनि गरेको छ। प्रदेश सरकारले प्रत्येक दरवन्दी सिर्जना गर्दा दीर्घकालीन दायित्व व्यहोर्नुपर्ने समितिको निश्कर्ष छ। सामान्यतः एउटा कर्मचारीले २५ वर्षको उमेरमा सेवा प्रवेश गरी ६० वर्षसम्म सेवारत रहेमा निजको औसत सेवा अवधि ३५ वर्ष मान्दा तह अनुसारको प्रत्येक दरबन्दी सिर्जनाबाट प्रदेश सरकारलाई सो अवधिमा ठूलो दायित्व पर्ने समितिका सदस्यको भनाई छ। तह अनुसार प्रत्येक दरबन्दी सिर्जनाबाट ३५ वर्ष सेवा अवधिमा उत्पन्न हुने वित्तीय दायित्व १६ अर्ब बढी हुने समितिले जनाएको छ।

पूर्वसचिव वाग्लेको समितिले दिएका सुझाव तथा सिफारिसको व्यवहारिक तथा वैज्ञानिक कार्यान्वयन बारे मन्त्री पौडेल नेतृत्वको निर्देशक समितिले अध्ययन गरिरहेको छ। निर्देशक

...बाँकी पृष्ठ ३ मा

## व्यवसाय संवर्द्धन कार्यक्रम (Business Incubation Program) मा सहभागी हुनका लागि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/१६**

व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस कार्यालयबाट सञ्चालन गरिने व्यवसाय संवर्धन कार्यक्रममा सहभागी हुन इच्छुक नवउद्यमीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-७ मा उल्लिखित ढाँचामा यस माहाविद्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवेदनका साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण:**

(क) नेपाली नागरिकताको प्रमाणपत्र
(ख) आफूले गर्न चाहेको उद्यमको नवीनतम सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)
(ग) दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा
(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
(ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)

नोट: प्रस्ताव महाविद्यालयको ईमेल: ihub@hsmonline.edu.np मा पठाउन सकिनेछ। प्रस्तावको ढाँचा तथा विस्तृत जानकारी महाविद्यालयको वेबसाइट: https://hsm.edu.np मा राखिएको छ। भौतिक रुपमा प्रस्ताव पेश गर्न चाहनेले माहाविद्यालयको iHub विभाग, हेटौंडामा दर्ता गराउन सकिनेछ। म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

दर्ता गर्न QR कोड स्क्यान गर्नुहोस् वा iHub मा सम्पर्क गर्नुहोस्

आवेदन दिने अन्तिम मिति: २०८२/१२/30
फर्म लिंक: https://tinyurl.com/hsmss-ihub
सम्पर्क नं: ९८६५३८४९६२
इमेल: ihub@hsmonline.edu.np

Hetauda School of Management and Social Sciences

TRANSFORMING CHALLENGES INTO OPPORTUNITIES

( विश्वविद्यालय अनुदान आयोग (UGC) बाट गुणस्तर प्रत्यायनकृत - २०८० )

## सम्पादकीय

# एसईई नतिजाको चिन्ता

कक्षा १० को अन्तिममा लिइने माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजाको चासो र चिन्ताले धेरैलाई तनाब दिने गरेको छ । विगतमा कक्षा १० सम्म विद्यालय शिक्षा हुँदा एसएलसीको रुपमा लिइने यो परीक्षालाई विशेष मानिन्थ्यो । हाल विद्यालय तहको शिक्षा कक्षा १२ सम्म कायम रहेको अवस्थामा एसईई भनेको कक्षा १० बाट ११ मा जाने वा नजाने आधारमात्र हुनुपर्नेमा यसलाई आवश्यकताभन्दा बढी महत्व दिएको पाइन्छ । विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावकको चासो र चिन्ता एसईईको नतिजामा देखिनु स्वभाविक हो । यो परीक्षा र यसको नतिजाको विषयमा स्थानीय, प्रदेश र संघ तीनै तहका सरकारको चासो पनि उतिकै हुने गरेको छ । कुनै पनि तह वा कक्षाको नतिजालाई लिएर चासो र चिन्ता व्यक्त गर्नु सकारात्मक भए पनि एसईईको नतिजालाई लिएर मात्र चासो व्यक्त गर्नु उपयुक्त देखिँदैन ।

यस वर्षको एसईई परीक्षा संघारमै आइसकेको छ । अबको तीन दिनपछि (चैत १९ गतेबाट) एसईई सुरु हुँदैछ । यस वर्षको एसईईमा ५ लाख ९ हजार ९ सय ६१ परीक्षार्थीले परीक्षा दिँदैछन् । नियमिततर्फ ४ लाख ४६ हजार ५ सय ७६ विद्यार्थी रहेका छन् भने ग्रेडवृद्धितर्फ ६३ हजार ४ सय ८५ विद्यार्थी सहभागी हुने भएका छन् । देशभरका १ हजार ९ सय ६६ परीक्षा केन्□मार्फत् एसईई सञ्चालन हुनेछ । मकवानपुर जिल्लाबाट पनि यस वर्ष ७ हजार १९२ जनाले एसईई दिँदैछन् । नियमिततर्फ ५ हजार ५२७ र ग्रेडवृद्धितर्फ एक हजार ६६५ परीक्षार्थीले एसईईको आवेदन फारम भरेका हुन् । मकवानपुर जिल्लामा २८ वटा परीक्षा केन्द्र तोकिएको छ ।

लेटर ग्रेडिङ पद्वतिबाट एसईई नतिजा सार्वजनि गर्ने गरेको भए पनि केही वर्षदेखि प्रत्येक विषयमा ३५ प्रतिशतभन्दा कम अंक प्राप्त गरेमा ननग्रेडेड (एनजी) हुने र उक्त विषयमा पुन: परीक्षा दिनुपर्ने व्यवस्था गरिएको छ । यसले परीक्षा दिएका सबै विषयमा ३५ प्रतिशत प्राप्ताङ्क नआएमा विद्यार्थी फेल हुने गर्दछन् । लेटरग्रेडिङ पद्वति सुरु भएपछि केही वर्ष पास/फेल उल्लेख नगरी न्यूनतम एक दशमलब ६ जीपीए हासिल गरेको विद्यार्थीले कक्षा ११ मा कुनै न कुनै विषय लिएर अध्ययन गर्न पाउने व्यवस्था हुँदा यसको नतिजाप्रति चासो कम भएको भए पनि अहिले एनजी आएका विद्यार्थी फेल हुने भएपछि एसईई नतिजा उत्कृष्ट बनाउनुपर्ने बाध्यता बनेको छ ।

मकवानपुर जिल्लामा गत वर्ष एसईई नतिजामा एक जना पनि विद्यार्थी उत्तीर्ण नभएका विद्यालयहरुलाई नतिजा सुधार गर्न बढी दबाब परेको छ । जिल्लाको थाहा नगरपालिका, बकैया, मनहरी र राक्सिराङ गाउँपालिकाका ७ वटा विद्यालयहरुको नतिजा गत वर्ष शून्य रहेकोमा यस वर्ष नतिजा सुधार गर्न ती विद्यालयहरुलाई स्थानीय सरकारको दबाब रहेको छ । विकट क्षेत्रका विषयगत दरबन्दीका शिक्षक नभएका विद्यालयहरुको नतिजा कमजोर बनिरहेको अवस्थामा नतिजा सुधार गर्न चुनौतीपूर्ण देखिएको । विद्यार्थीको नियमितता कम भएका कारण पनि विद्यालयहरुले नतिजा सुधार गर्न निकै संघर्ष गर्नुपर्ने अवस्था छ ।

एसईई नतिजा सार्वजनिक भएपछि कुन विद्यालयबाट कति जना विद्यार्थी कुन ग्रेडमा उत्तीर्ण भए भन्ने सार्वजनिक चर्चा र चासोले केही दिन राम्रै स्थान पाउँछ । आफ्नो विद्यालयको नतिजा उत्कृष्ट देखाउन अधिकांश विद्यालयहरुले सबै प्रकारका प्रयत्न गर्दछन् । कमजोर नतिजा ल्याउने विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकले विभिन्न प्रकारका भनाइ तथा आरोप सहनुपर्ने हुन्छ । यसले गर्दा वर्षेनि कक्षा १० मा पढ्ने र पढाउने विद्यार्थी, शिक्षक र अभिभावकमा एक प्रकारका तनाब सिर्जना भइरहन्छ । कक्षा ९ सम्मका नतिजा सुधार हुँदै आउने हो भने कक्षा १० अर्थात् एसईईको नतिजा स्वत: सुधार हुने भएकाले एसईईमात्र नभई सबै कक्षाको नतिजा सुधार गर्न सबै पक्ष चिन्तित बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दौडधूप र व्ययभार बढ्ने समय योग छ ।
**वृष** : चुनौती बढेपनि साहस र श्रम बढ्ने समय छ ।
**मिथुन** : कार्यक्षेत्रबाट लाभ प्राप्त हुने समय योग छ ।
**कर्कट** : धार्मिक एवम् परोपकारजन्य काममा सरिक ।
**सिंह** : बाध्यतामा खुम्चिनु पर्दा मन बिचलित होला ।
**कन्या** : बोलीले आफन्तहरु बिराना हुने छन् ।
**तुला** : मन उत्सुक र आशावादी बन्ने समय छ ।
**वृश्चिक** : साहित्य र संगीतमा मन जाने समय योग छ ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ ।
**मकर** : परीक्षा र अन्तर्वार्तामा सफलता प्राप्त हुने समय छ ।
**कुम्भ** : व्यापार–व्यवसायका काममा बढोत्तरी हुने समय छ ।
**मीन** : धार्मिक एवम् सामाजिक कामबाट लाभ प्राप्त हुने योग छ ।

# प्रश्नैप्रश्न माथि उभिएका बालेनको अभिभारा



✍मीनबहादुर शाही



मेरो उमेर समूहको पुस्ताले नेपालको राजनीतिक परिदृश्यमा भएका उथलपुथललाई नजिकबाट नियाल्ने, त्यसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुने र परिवर्तनका उपलब्धिहरूको उपभोग गर्ने दुर्लभ अवसर प्राप्त गरेको छ। यस अर्थमा हेर्दा हाम्रो पुस्तालाई 'भाग्यमानी पुस्ता' भन्नु अतिशयोक्ति नहोला। इतिहासका निर्णायक मोडहरू आफ्नै आँखाले देख्ने, त्यसमा भूमिका निर्वाह गर्ने र त्यसका परिणामहरू अनुभूत गर्ने अवसर सबै पुस्तालाई प्राप्त हुँदैन ।

सक्रिय राजतन्त्रात्मक निर्दलीय तथा निरंकुश पञ्चायती व्यवस्थाको निर्मम दमन, माओवादी युद्धको आक्रान्त स्थिति भोग्दाभोग्दै २०६२/६३ को लोकप्रिय जनआन्दोलन भयो, जसले नेपाली समाजले चाहेको शासन व्यवस्थाको स्थापनाका लागि ऐतिहासिक र निर्णायक भूमिका खेल्यो । यी सबै घटनाक्रमका प्रत्यक्ष साक्षी बनेर हाम्रो पुस्ता निरन्तर सहभागी हुँदै आएको छ। त्यति मात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि त्यसका विभिन्न तहका निर्वाचन प्रक्रियामा पनि सहभागी हुने अवसर प्राप्त भयो। तर यसपटकको निर्वाचनमा सहभागी हुँदादेखि परिणाम सार्वजनिक हुँदासम्म देखिएको समग्र परिदृश्यले एउटा प्रश्न भने उठाउँछ, के नेपाली समाज अब क्रमिक (ग्राजुअल) परिवर्तनभन्दा पनि तीव्र र आक्रामक रूपान्तरणको खोजीमा त छैन ? यस्तो प्रश्न उठ्नु स्वाभाविक ठान्नु अन्यथा नहोला ।

### निर्वाचन परिणाम: पुस्ता पुस्तान्तरण संकेत

आफ्नो बाल्यकालमा तत्कालीन प्रधानमन्त्री स्व. सूर्यबहादुर थापा पहिलो पटक प्रधानमन्त्री हुँदा मात्र ३५ वर्षका थिए भन्ने कुरा पढ्न पाइन्छ, सम्झनामा छैन । तर आफू जान्ने, बुझ्ने र स्मरण राख्न सक्ने उमेरदेखि भने नेपाली राजनीतिको शासन सत्ताको शीर्ष नेतृत्व अर्थात् प्रधानमन्त्री पदमा ६० वर्षभन्दा कम उमेरको कमै व्यक्तिलाई देख्न पाइएको छ । ५३ वर्षमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहालले राजनीतिमा आम नेपाली जनता र भविष्यको पुस्ताले सम्झिने गरी काम गरेको छाप छोड्न सकेनन् । पटक-पटक प्रधानमन्त्री भएर, राजनीतिक विचारबाट विचलित भएर उनले झनै आफ्नो साख मात्र गिराएनन् नेपाली राजनीतिमा गलत परम्परा स्थापित गराउनमा प्रमुख हिस्सेदार बने ।

विश्व राजनीतिको इतिहास हेर्दा कम उमेरमै प्रधानमन्त्रीको नेतृत्व सम्हालेका उदाहरण प्रशस्त छन् । सन् १७८३ मा विलियम पिट द यङ्गर २४ वर्षको उमेरमा बेलायतका प्रधानमन्त्री बनेका थिए भन्ने कुरा राजनीतिक इतिहासमा उल्लेख गरेको पाइन्छ । त्यसैगरी, सोसल डेमोक्रेटिक पार्टीकी सदस्य सन्ना मेरिन ३४ वर्षको उमेरमा फिनल्यान्डकी प्रधानमन्त्री बनेर इतिहास रचिन् । न्युजिल्याण्डमा ३७ वर्षको उमेरमा जेसिन्डा आर्डर्न प्रधानमन्त्री बनिन् ।

त्यस्तै, ४३ वर्षको उमेरमा बेलायतको प्रधानमन्त्री बनेका टोनी ब्लेयरले झन्डै एक दशकभन्दा बढी समय नेतृत्व गर्दै विश्वको ध्यान आकर्षित गरेका थिए। पछि डेभिड क्यामरुन पनि ४३ वर्षकै उमेरमा प्रधानमन्त्री बने । यीमध्ये कसैले प्रभावकारी नेतृत्व प्रदान गरेर इतिहास बनाए, कसैले अपेक्षा अनुसार उपलब्धि हासिल गर्न सकेनन् । यीमध्ये टोनी ब्लेयरका लोकतन्त्र, मानवअधिकार, स्वतन्त्रता र सामाजिक न्यायसँग सम्बन्धित प्रस्तुतिहरू अहिले पनि सुन्न मन लाग्छ र समय मिलेसम्म सुन्ने गर्छु ।

राजनीति गर्नेहरूका लागि प्रधानमन्त्री बन्नु मात्र ठूलो उपलब्धि हो भन्ने लाग्दैन । वास्तवमा राजनीति भनेको देशभित्र बसोबास गर्ने आम नागरिकको सर्वोपरि हितका लागि गरिने एक पवित्र कार्य हो। तर यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक कला, ज्ञान, सीप र निर्णय प्रक्रियामा निपुणता हुनु पहिलो शर्त हो ।

विगत करिब तीन दशकदेखि अपनाइँदै आएका अभ्यास र प्रक्रियाप्रति नेपाली समाज सन्तुष्ट थिएन भन्ने कुरा यसपटक फागुन २१ गते सम्पन्न निर्वाचनको परिणामले स्पष्ट रूपमा पुष्टि गरेको छ। यस निर्वाचन परिणामले नेपाली राजनीतिक वृत्तमा पुस्ता हस्तान्तरणको बहसलाई यतिबेला चर्चाको शिखरमा पुर्‍याएको छ । यद्यपि प्रत्येक राजनीतिक दलका आफ्नै विधान, विधि र प्रक्रिया हुन्छन्, तर यसपटकको जनमतले केही नयाँ तथा युवा नेतृत्वलाई शासन सञ्चालनको बागडोर सम्हाल्ने जिम्मेवारी सुम्पिएको देखिन्छ ।

### प्रश्न एक: प्रश्नबाट जवाफदेहितातर्फ

प्रश्नको सही निर्माण त्यही व्यक्तिले गर्न सक्छ; जससँग ज्ञान, सीप र विवेक हुन्छ। प्रश्नको उठानबाटै बुझ्न सकिन्छ कि प्रश्न सोध्ने व्यक्ति उत्तरदाता वा विषयवस्तुप्रति कति निष्पक्ष र र चनात्मक छ । यही सन्दर्भमा हेर्दा, विश्व राजनीतिमा युवा पुस्ताको हस्तक्षेप समय समयमा सशक्त रूपमा देखिंदै आएको छ । माथि उल्लेख गरिएका उदाहरण यसका प्रमाण हुन् । उल्लेख गरिएका पात्रहरू पनि लोकतान्त्रिक प्रक्रियाअन्तर्गत जनताको सार्वभौम मताधिकार मार्फत अभिव्यक्त जनमतका आधारमा निर्वाचित भएका थिए । विश्वमा यदि सबैभन्दा शक्तिशाली केही छ भने, त्यो नागरिकको 'मत' नै हो । यही मत प्राप्त गर्नुअघि उनीहरूले सशक्त रूपमा प्रश्नहरू उठाए, विद्यमान शासनप्रणालीलाई चुनौती दिए र शासकहरूसँग जवाफदेहीपूर्ण उत्तरको माग गरे । यही प्रक्रियाबाट उनीहरूले जनविश्वास आर्जन गर्न सफल भए ।

नेपालको सन्दर्भमा, गत भदौ २३ र २४ गतेको 'जेन-जी' प्रदर्शन पश्चात् विकसित राजनीतिक घटनाक्रमका आधारमा विद्यमान प्रतिनिधिसभाको विघटन गरी निर्वाचनको घोषणा गरिएको थियो । केही राजनीतिक शक्तिहरूले प्रतिनिधिसभाको विघटनलाई संविधान विपरीत ठाने पनि घोषित कार्यतालिका अनुसार २०८२ साल फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचनको परिणाम राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पक्षमा आएको छ । बालेन-रवि गठबन्धनको पक्षमा नेपाली नागरिकहरूले आफ्नो मत अभिव्यक्त गरेका छन्, जसका कारण उनीहरूको प्रतिनिधित्व दुईतिहाइ नजिक पुगेको छ। यस्तो संख्या आफ्ना उद्देश्य र लक्ष्यअनुरूप काम गर्न पर्याप्त मानिन्छ ।

अब सिर्जना गरिएका र आक्रामक रूपमा उठाइएका प्रश्नहरूको सभ्य र जवाफदेही ढंगले सम्बोधन गर्ने दायित्वको घेराभित्र रास्वपा, विशेषत: बालेन शाह स्वयं प्रवेश गरेका छन् । त्यसैले बालेन शाह अब प्रश्नकर्ता रहेनन् अर्थात् रास्वपा प्रश्नबाट जवाफदेहितातर्फ अगाडि बढेको सत्तारूढ राजनीतिक शक्तिमा रूपान्तरण हुनपुगेको छ । अब प्रश्नहरूको सिर्जना र आक्रामक उठान उसले गर्नुपर्ने छैन । तसर्थ, प्रश्नहरूको जवाफ दिनुपर्ने बेला आएको छ ।

### प्रश्न दुई: सरकारहरूसँग समन्वय र सहकार्य

तीव्र र आक्रामक रूपान्तरण तथा उपलब्धिको खोजीमा अघि बढेका बालेन समर्थकहरूलाई यस्ता प्रश्नहरूले चिढ्याउन सक्छन् । तर यस्ता प्रश्नहरू स्वाभाविक मात्र होइन, आवश्यक पनि हुन् । मुलुकमा एक संघीय, सात प्रादेशिक र ७५३ स्थानीय तह गरी कुल ७६१ सरकारहरू रहेका छन् । यी सबै तहबीच समन्वय गर्ने प्रमुख जिम्मेवारी संघीय सरकारको हो, जसले सहकार्य र सहअस्तित्वको मर्यादा तथा मान्यतालाई आदर्श सिद्धान्तका रूपमा स्थापित गर्न सक्छ । तर विगतका अनुभव र उठेका प्रश्नहरूलाई आधार मान्ने हो भने सही दिशामा अगाडि बढ्ने विषयमा शंका उब्जिनु अस्वाभाविक होइन । सबै सरकारहरू नेपाली नागरिकले तिरेको करबाट सञ्चालन हुने र त्यसैबाट भरणपोषण हुने तथ्यप्रति अबको नेपाली समाज अनभिज्ञ छ भनेर मान्नु सबैभन्दा ठूलो भूल हुनेछ। काठमाडौं महानगरपालिका, जुन संघीय राजधानी समेत हो, त्यहाँ नगर प्रमुख रहँदा उनले जुनसुकै मनसायले भए पनि सशक्त ढंगले उठाएका प्रश्नहरू अब उनैतर्फ तेर्सिने छन् ।

त्यसैले, अब मुलुकको प्रमुख कार्यकारीको भूमिकामा रहँदा महानगर प्रमुख जस्तो रूखो वा खरो शैलीमा सामाजिक सञ्जाल मार्फत प्रश्न उठाएर जिम्मेवारीबाट पन्छिन पाउने अवस्था र हने छैन । उनले ७६१ वटै सरकार तथा बहुसरोकारवाला साझेदारहरूसँग समन्वय र सहकार्यलाई परिणाममुखी बनाउँदै जवाफदेहिता सहित जिम्मेवारी निर्वाह गर्नुपर्नेछ, जुन दायित्व नेपाली जनताले उनलाई सुम्पेका छन् । यस प्रश्नको जवाफ उनले शुरुदेखि नै दिनुपर्नेछ। काठमाडौं महानगरपालिकाको प्रमुखको हैसियतले उनले संघीय सरकारले आयोजना गरे वा निमन्त्रणा गरिएका कुनै पनि कार्यक्रमलाई सहज रूपमा नलिएको विगतको अनुभव छ । यो प्रश्नले उनलाई पछ्याइराख्ने छ। कहीं न कहीं कसै न कसैले उठाएमा उनले आक्रामक वा सेवाग्राही भएर जवाफ दिन पाउने छैनन् ।

### प्रश्न तीन: 'जेन-जी' प्रदर्शनको ताज पहिरन

भदौ २३ र २४ मा भएको जेन-जी प्रदर्शन नेपाली राजनीतिक इतिहासमा सधैं सम्झिरहने महत्वपूर्ण घटनाका रूपमा स्थापित भएको छ । कतिपयले यसलाई नजरअन्दाज गरे भने कतिपयले आफ्नो स्वार्थ अनुसार उपयोग पनि गरे । यस विषयमा अझै विस्तृत विश्लेषण र समीक्षा हुँदै जानेछ । इतिहासकार र विश्लेषकहरूले यस सम्बन्धमा लिपिबद्ध दस्तावेजहरू तयार पार्नेछन्, जुन भविष्यका पुस्ताका लागि उपयोगी र वाञ्छनीय हुनेछ ।

जसरी चौथो औद्योगिक क्रान्तिले विश्वभर नयाँ गतिशीलता, सिर्जनशीलता, उद्यमशीलता र आधुनिक युगमा व्यक्ति र समाज बीच तीव्र सम्बन्ध विस्तारमा प्रभाव पारेको छ, त्यसबाट नेपाली समाज पनि अछुतो रहन सक्दैन । जेन-जी पुस्तालाई बुझ्ने, सुन्ने र तिनको भावनाको कदर तथा सम्मान गर्ने विषयमा समाज विभक्त देखिन्छ। कतिपयले जेन-जीलाई अपरिपक्व, अधैर्य र छिटो प्रतिफल खोज्ने पुस्ताका रूपमा हेर्छन् भने कतिपयले यसलाई केवल सामाजिक तथा राजनीतिक रूपमा प्रयोग हुने पुस्ता नभई भविष्यको आवाज बोकेको, तीव्र परिवर्तनको आकांक्षा राख्ने र रूपान्तरणका लागि सशक्त रूपमा आवाज उठाउन सक्ने पुस्ताका रूपमा बुझ्छन् ।

त्यसैले यस पुस्ताको भाषा, भावना र शैलीसँग परिवार, समाज र राज्यले संवेदनशील रूपमा संवाद, छलफल र अन्तरघूलन गर्नु आवश्यक हुन्छ। भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा तत्कालीन काठमाडौं महानगरपालिकाका प्रमुख एवं रास्वपाका वरिष्ठ नेता बालेन शाहको सहयोग र समर्थन रहेको भन्ने बहुमत नेपाली नागरिकको बुझाइ छ । रास्वपाले जेन-जी प्रदर्शनको अपनत्व लिंदै आम निर्वाचन २०८२ मा होमिएर प्राप्त गरेको सफलताले पनि यस धारणालाई पुष्टि गरेको देखिन्छ ।

त्यसैले जेन-जी प्रदर्शनले खोजेको राजनीतिक नेतृत्व रास्वपाले ग्रहण गरिसकेको छ र कार्यकारी प्रमुखका रूपमा बालेन शाहले ताज पहिरिएका छन् । आरोप-प्रत्यारोप जे-जस्ता भए पनि देशको प्रमुख कार्यकारी अर्थात् प्रधानमन्त्रीको हैसियतले भदौ २३ र २४ का घटना बारेका प्रश्नहरू उनीतर्फ पनि तेर्सिएका छन्, र यसको उपयुक्त जवाफ कुनै न कुनै समयमा उनले दिनुपर्नेछ ।

### प्रश्न चार: तम्रा सुईना अब हाम्मा सुईना

'के छन् हालचाल, निकै छौ कि नाई ! बेलि छकाल्यै एउटा सुईना देख्याँ थें, सुदूरपश्चिम बनेको, देश बनेको; त्यो सपना पूरा गर्न्या हो... बोहोराजी बुझ्या छौ कि नाई... सुदूर अब दूर नाई, झिक्कझिक्कै माया तम्लाई' भन्दै सुदूर पश्चिमको धनगढीमा आयोजित आमसभाका सहभागीलाई उनले बोलीचाली, भाषा र संस्कृतिका माध्यमबाट जनमत आफ्नोतर्फ, अर्थात् रास्वपातर्फ तान्ने प्रयास गरेका थिए ।

भाषा र संस्कृतिसँग समाजको कति गहिरो सम्बन्ध हुन्छ भन्ने कुरा उल्लेख गरिरहनुपर्दैन जस्तो लाग्छ । कोहलपुर-वनवासा सडकखण्ड निर्माण र कर्णाली चिसापानी पुल कहिले सम्पन्न होला भनेर सुईना (सपना) देख्दै-देख्दै थाकेको पुस्ता पनि त्यही आमसभामा थियो, र निर्माण सम्पन्न भइसकेपछि त्यसको उपभोग गरिरहेको पुस्ता पनि त्यही उपस्थित थियो । सम्भवतः रास्वपाले यी दुई पुस्ताको मत यसरी प्रकट हुन्छ भन्ने सोचेको थिएन होला, तर त्यस्तै भयो ।

सुदूरपश्चिम र कर्णालीले समग्र समन्यायिक विकासको प्रश्न निरन्तर उठाउँदै आएका क्षेत्र हुन् । सामाजिक तथा भौतिक पूर्वाधारको विकासमा अत्यन्त पछाडि परेका यी क्षेत्र अझै पनि सुरक्षित र पहुँचयोग्य रूपमा राष्ट्रिय विकासको मूलप्रवाहीकरणमा जोडिन सकेका छैनन् । प्रतिव्यक्ति आय, बहुआयामिक तथा निरपेक्ष गरिबी, औसत आयु, मातृ मृत्युदर, बाल मृत्युदर, कुपोषण, नवजात शिशु मृत्युदर, आधारभूत शिक्षा, खानेपानी तथा सरसफाइ जस्ता सूचकहरूमा देखिएका गम्भीर समस्याको समाधानका लागि अब प्रश्न होइन, जवाफ दिनुपर्ने अवस्था आएको छ ।

वर्षौंदेखि यी क्षेत्रका विद्यार्थी, अभिभावक र पेशाकर्मीले निरन्तर प्रश्न उठाउँदै आएका छन् । ती प्रश्नहरूको कति सम्बोधन भयो वा भएन भन्ने लेखाजोखा छुट्टै गरौंला । तर बालेन शाहले उठाएका प्रश्नलाई रुचिपूर्वक सुनेका मतदाताले बेलि छकाल्यै देखेको सुईनालाई जवाफदेही रूपमा कार्यान्वयन गर्नका लागि मार्गप्रशस्त गरिदिएका छन् ।

त्यसैले अब उनले फेरि सुदूरपश्चिम, कर्णाली वा मधेश जाँदा प्रश्न होइन, जवाफदेहिता बोकेर जानुपर्नेछ र त्यसको उत्तर दिनुपर्नेछ ।

### प्रश्न पाच: सार्वजनिक सम्पत्तिको संरक्षण र प्रभावकारी सदुपयोग

भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा मुलुकको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत लगायतका राष्ट्रिय सम्पत्तिको सुरक्षा र संरक्षणका लागि कुनै पहलकदमी मात्र होइन, चासो समेत नदेखाएको आरोप बालेन साहमाथि लाग्ने गरेको छ, जब उनी काठमाडौं महानगरपालिका प्रमुखको भूमिकामा थिए । यति मात्र होइन, उनले भित्रभित्रै प्रदर्शनकारीलाई भड्काउने गरेको समेत टिप्पणी हुने गरेको छ ।

अब जेन-जी प्रदर्शनको पूर्ण रूपमा अपनत्व लिएर रास्वपा निर्वाचनमा होमिएको विषयबारे धेरै चर्चा गरिरहनु परेन । तर त्यसबाट पुगेको क्षतिको जवाफ भने प्रधानमन्त्री बालेन शाह र उनको पार्टीले दिनुपर्नेछ ।

यस प्रदर्शनबाट मुलुकले ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक क्षति बेहोर्नु परेको छ । यो कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको ४.३० प्रतिशत हुन आउँछ ।

सिंहदरबार र काठमाडौं महानगरपालिका बीचको निरन्तरको द्वन्द्व अब कसरी अगाडि बढ्छ, र सार्वजनिक सम्पत्ति तथा साधन-स्रोतको संरक्षण र प्रभावकारी सदुपयोगका लागि कार्ययोजना कसरी बनाइन्छ भन्ने प्रश्न महत्वपूर्ण छ । यसको भरपर्दो र विश्वासिलो आधार तयार गरेर उनीमाथि उठेका प्रश्नहरूको सही जवाफ दिनुपर्नेछ। अहिले उनले प्राप्त गरेको जनमतलाई सही ढंगले सदुपयोग गर्न सकेको खण्डमा यसको जवाफ दिन कठिन पर्ने छैन ।

### प्रश्न ६: आवाज र सुशासन

नेपाली शब्दकोशले 'आवाज'लाई सुन्न सकिने ध्वनि वा स्वरका रूपमा व्याख्या गरेको छ। तर यही शब्द अंग्रेजी सन्दर्भमा विचार, राय वा भावना व्यक्त गर्नु तथा निर्णय प्रक्रियामा तिनलाई यथोचित रूपमा सम्बोधन गर्नु भन्ने अर्थमा पनि प्रयोग हुन्छ ।

अर्कोतर्फ, आधुनिक सुशासनको परिधिभित्र 'आवाज' र 'जवाफदेहिता'लाई आधारभूत तत्वका रूपमा परिभाषित गरिएको पाइन्छ। मूलतः आवाज ती वर्ग र समुदायले उठाउँछन्, जो सधैं आफू संरचनात्मक बहिष्करणमा परेको, आफ्ना आवाजको शून्य सुनुवाइ भएको र संस्थागत रूपमा निरन्तर अन्याय भोग्नुपरेको महसुस गर्छन्। त्यस्ता व्यक्ति, समूह वा समुदाय आफ्नो सहभागिता, प्रतिनिधित्व र निर्णय प्रक्रियामा पहुँच स्थापित गर्न संघर्षरत हुन्छन् ।

तर काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन शाहले उठाएका आवाजहरू मुख्यतः जवाफदेहिता, सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता, विधिको शासन, मर्यादित रोजगारी, सरकारको प्रभावकारिता, राजनीतिक स्थायित्व, वित्तीय तथा विकास अनुशासन र जनउत्तरदायी कार्यशैलीसँग सम्बन्धित छन् । यी प्रश्नहरू निरन्तर सिंहदरबारतर्फ सोझिएका थिए, जसलाई नेपाली जनताले फागुन २१ गते अभूतपूर्व रूपमा जन-अनुमोदन गरेका छन् ।

अब यी आवाजहरू सुन्ने, बुझ्ने र निर्णय लिने केन्द्रमा बालेन शाह पुगेका छन् । त्यसैले अब उठेका प्रश्न र आवाजहरूको जवाफ पनि उनले नै दिनुपर्नेछ । सही अर्थमा सुशासन,

...बाँकी पृष्ठ ३ मा

# हेटौंडा बचतको अध्यक्षमा राजु वाईबा निर्वाचित

समाज संवाददाता

हेटौंडा : हेटौंडा-७, नागस्वतीस्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा राजु वाईबा निर्वाचित हुनुभएको छ । शुक्रबार सम्पन्न निर्वाचनको मतगणना शनिबार राती सम्पन्न भएको हो । २ हजार ८ सय ८७ मत खसेको निर्वाचनमा १ हजार ६ सय १७ मतसहित वाईबा निर्वाचित हुनुभएको हो । अध्यक्षका अर्का आकांक्षी रामशरण गौतमले १ हजार १ सय ३८ मत प्राप्त गर्नुभयो ।

यस्तै उपाध्यक्षमा खडानन्द चौलागाई १ हजार १ सय ९० मतसहित विजयी हुँदा दीपप्रसाद अधिकारी (१०३३ मत) र सिताराम प्रधान (३६९ मत) पराजित हुनुभयो । कोषाध्यक्षमा मोनिका पौडेल १ हजार ६ सय ४१ मतसहित


नवनिर्वाचित अध्यक्ष राजु वाईबा ।

विजयी हुँदा अर्का आकांक्षी भीमसेन गौतम (१०३५ मत) पराजित हुनुभयो । लेखा समिति संयोजकमा विष्णुप्रसाद अर्जेल १ हजार ८ सय ९१ मतसहित विजयी हुनुभयो भने कविन पन्त (७८८ मत) पराजित हुनुभयो ।

यसअघि सचिवमा युवराज गौतम, सञ्चालक सदस्यमा ध्रुवकृष्ण कुँवर, उर्मिला चौलागाई, अम्बिका कार्की, सरस्वती थापा र विजेता सापकोटा सर्वसम्मत निर्वाचित भइसकेका छन् । लेखा समिति सदस्यमा सौरभ अधिकारी र कुसुम रिजाल चयन हुँदा ऋण उपसमिति सदस्यमा कृष्णप्रसाद दाहाल, भक्तबहादुर केसी पनि सर्वसम्मत चयन हुनुभएको छ । हेटौंडा बचतको सेयर सदस्य ६ हजार ९ सय ९३ जना छन् । सहकारीको सेयर पुँजी ५ करोड ३ लाख रुपैयाँ रहेको छ भने बचत ५६ करोड ५० लाख रुपैयाँ रहेको छ । यस्तै सहकारीले ५४ करोड १९ लाख रुपैयाँ ऋण लगानी गरेको छ । हेटौंडा-७, नागस्वतीमा मुख्य कार्यालय रहेको सहकारीको सेवा केन्द्र हेटौंडा-२, हरिकुञ्जरोड, हेटौंडा-८, कमाने र हेटौंडा-१६ हटियामा रहेको छ ।

# पूर्वमन्त्री दीपक खड्का पक्राउ

काठमाडौं : नेपाली कांग्रेसका नेता एवं पूर्व ऊर्जामन्त्री दीपक खड्का पक्राउ परेका छन् । सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानका क्रममा उनी पक्राउ परेको स्रोतको दाबी छ । उनी लैनचौर स्थित स्काउटको जग्गा विवादमा मुछिएका छन् । जेनजी आन्दोलनका बेलामा उनको निवासमा आगजनी हुँदा पैसा उडेको भन्दै एक भिडियो भाइरल भएको थियो । जसका बारेमा उनीमाथि अनुसन्धान भइरहेको छ ।

खड्का पक्राउबारे जानकारी दिँदै गृहमन्त्री सुधन गुरुले भनेका छन्, ‘खड्कालाई २४ भदौमा आन्दोलनको क्रममा निजको निवासबाट बरामद भएको रकमको अनुसन्धानको सिलसिलामा आज नियन्त्रणमा लिइएको हो ।’ सीआईबीले भने उक्त रकमबारे नबताई सम्पत्ति शुद्धीकरणको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको बताएको छ । जेनजी आन्दोलनमा घर जलेपछि उनी भने धुम्बाराहीस्थित प्रेस्टिज अपार्टमेन्टमा बस्दै आएका थिए । सीआईबीले त्यही अपार्टमेन्टबाट पक्राउ गरेको हो । दीपक खड्का २०७९ सालमा संखुवासभाबाट प्रतिनिधि सभा सदस्य निर्वाचित भएका थिए । २०८० सालमा नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले खड्कालाई आमन्त्रित केन्द्रीय सदस्यमा मनोनित गरेका थिए । जेनजी आन्दोलन अघि खड्की ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री समेत थिए । स्रोत : अनलाइनखबर ।


## रोजगारीको अवसर

हेटौंडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसील
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।

सम्पर्क : ९८२१-२५९३९३


## प्रश्नैप्रश्न...

विधिको शासन र काम गरेर खान पाउने वातावरणका लागि तिर्खाएको नेपाली जनताले समाधानको अपेक्षा सहित आफ्नो मत व्यक्त गरेको छ भन्दा गलत नहोला ।

शासन सत्ताका लागि ५२ सदस्यीय मन्त्रिमण्डल, सांसदहरूको बहीखाता र केही सांसद भए पनि दललाई चिराचिरा पार्ने विकृत राजनीतिक परिदृश्य हेर्न र सहन बाध्य नेपाली समाजले राजनीतिक स्थिरता, राष्ट्रिय सुरक्षा र एकता, राष्ट्रिय अखण्डता तथा सार्वभौमिकताको रक्षा गर्दै समृद्धि र स्थायित्वको पक्षमा आफ्नो अभिमत प्रकट गरेको छ । यसले निरन्तर रूपमा यी प्रश्न र आवाजहरु उठाइरहने संकेत पनि दिएको छ । अब उनले यी प्रश्न र आवाजलाई कसरी बुझ्छन् र ग्रहण गर्छन्, त्यसैले उनको भविष्य निर्धारण गर्नेछ ।

अन्त्यमा, नेपालको आधुनिक राजनीतिक इतिहासमा अभूतपूर्व जनमत प्राप्त गरी हालसम्मकै सबैभन्दा युवा प्रधानमन्त्रीका रूपमा देशको बागडोर सम्हाल्ने अवसर प्राप्त भएको छ । यस ऐतिहासिक अवसरलाई सही ढंगले सदुपयोग गर्दै मुलुकको सर्वोपरि हितमा काम हुने विश्वास नेपाली जनतामा रहेको छ । उक्त विश्वासलाई निराशातर्फ धकेल्न नदिई देशलाई नयाँ गति दिनु बालेन नेतृत्वको सरकारको अभिभारा हो। यो अभिभारा पूरा गरे मात्र आफूमाथि आउने प्रश्नबाट जोगिन सकिनेछ ।

(स्रोत: अनलाईनखबर)


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## बागमतीमा कटौती...

समितिले सरकारले सेवामूलक क्षेत्रमा दरबन्दी कटौती नगर्ने र दोहोरो प्रकृतिका कार्यालय मात्र हटाउने गरी प्रतिवेदनको अन्तिम परिमार्जनको तयारी गरेको छ ।

मुख्यमन्त्री इन्द्र बहादुर बानियाँ नेतृत्वको सरकार गठन भए लगत्तै प्रदेश यसअघिका विभिन्न सरकारले सत्ता जोगाउने नाममा पटक-पटक टुक्रा पारेर बढाइएको मन्त्रालय संख्यादेखि अनावश्यक कार्यालयहरु खारेज गर्ने तयारी गरिएको थियो । सोही अनुसार साना मन्त्रालय खारेजी, जिल्लाहरुमा खोलिएका अनावश्यक कार्यालयहरु, हेटौंडामै भएका दोहोरो प्रकृतिका कार्यालय हटाउने तयारी भएको निर्देशक समितिका संयोजक मन्त्री पौडेलले बताए ।

### प्रतिवेदन अध्ययनकै क्रममा छ : मन्त्री पौडेल

निर्देशक समितिका संयोजक तथा कृषि तथा पशुपन्छी विकास मन्त्री पौडेलका अनुसार विज्ञ टोलीले बुझाएको पुनर्संरचना सम्बन्धी प्रतिवेदन अन्तिम होइन । विज्ञ टोलीले दिएको सुझावलाई निर्देशक समितिले अध्ययन गरिरहेको र राजनीतिक सहमतिपछि मात्रै त्यसलाई अन्तिम रुप दिइने उनले बताए ।

मन्त्री पौडेलका अनुसार विज्ञ टोलीले प्रदेशका विभिन्न संरचनाहरु गाभ्ने वा हटाउने र करिब ७०१ वटा दरबन्दी कटौती गर्ने प्रस्ताव गरिएको छ । तर सेवामूलक क्षेत्रमा भने कटौती गर्न नहुने उनको भनाई छ । सम्भवतः यसै महिनाभित्र अध्ययन सकेर विज्ञहरुसँग पुनः छलफल गरी प्रतिवेदनलाई मन्त्रिपरिषद् (क्याबिनेट) मा लगिने उनले बताए ।

‘हामीले विज्ञ टोलीको सुझाव बुझेका छौं । यसलाई निर्देशक समितिले अन्तिम रूप दिन बाँकी छ । विज्ञहरुका कतिपय सुझावहरु व्यवहारिक रुपमा अघि बढाउनु पर्नेछ’, उनले भने, ‘विज्ञहरुको प्रतिवेदनमा ७०१ कर्मचारी कटौतीको प्रस्ताव छ । तर कृषि र स्वास्थ्य जस्ता सेवामूलक निकायहरुमा दरबन्दी कटौती गर्नु हुँदैन । सरकारले यस्ता क्षेत्रमा सकेसम्म बढी सुविधा दिनुपर्छ । दोहोरिएका संरचनाहरुमा भने कटौतीको कुरा जायज हुन सक्छ । प्रदेशको आन्तरिक प्रशासन र कर्मचारीसँग मात्र नभई राजनीतिक विषय पनि हो । राजनीतिक सहमति बिना यसलाई जबर्जस्ती अगाडि बढाउन सकिँदैन ।’

### ८00 सम्म कर्मचारी कटौति हुन्छ : मन्त्री तामाङ

निर्देशक समितिका सदस्य एवम् प्रदेश सरकार प्रवक्ता आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेशको प्रशासनिक संरचनामा फेरबदल गरी खर्च कटौति गर्ने अन्तिम तयारी भइरहेको बताए । संगठन संरचना सुदृढीकरणका लागि गठित समितिको प्रतिवेदन अध्ययनका क्रममा रहेको र आगामी आर्थिक वर्षदेखि नयाँ संरचना कार्यान्वयनमा जाने उनले बताए ।

मन्त्री तामाङका अनुसार प्रदेश सरकारले प्रशासनिक बोझ घटाउन र कार्यक्षमता बढाउन मन्त्रालय र कार्यालयको संख्यामा कटौतिको तयारी गरिएको छ । मन्त्री तामाङले हाल कायम रहेका मन्त्रालयहरुको संख्या घटाएर ७ देखि ८ वटामा सीमित गर्ने प्रस्ताव गरिएको बताए । कर्मचारी व्यवस्थापनसहित प्रदेशमा ८00 सम्म दरबन्दी कटौति गर्ने प्रस्ताव गरिएको मन्त्री तामाङले बताए । प्रदेश नीति तथा योजना आयोगलाई खारेज गरी त्यसको कार्य जिम्मेवारी मुख्यमन्त्री कार्यालय वा अर्थ मन्त्रालय मातहतको शाखाले हेर्ने गरी प्रस्ताव गरिएको उनको भनाई छ । जसले आयोगमा हुने राजनीतिक नियुक्तिहरु समेत बन्द हुने मन्त्री तामाङले बताए । उक्त प्रतिवेदन कार्यान्वयनमा आउँदा प्रदेशको प्रशासनिक खर्चमा झण्डै ३० प्रतिशतले कमी आउने उनले दावी गरे । उनले हाल प्रशासनिक खर्चका लागि छुट्याइएको करिब २५ करोड रुपैयाँको बजेटलाई १८ देखि २० करोडको हाराहारीमा झार्ने लक्ष्य रहेको बताए ।

‘मन्त्रालयहरु मर्ज हुँदा शहरी विकास, खानेपानी र सिँचाइलाई एकै ठाउँमा राख्ने तयारी छ । वन र यातायात बाहेकका अधिकांश प्रशासनिक कार्यालयहरु हटाएर जिल्ला-जिल्लामा एकीकृत कार्यालयहरु स्थापना गरिनेछ । पूर्वाधारतर्फ हाल रहेका धेरै कार्यालयलाई घटाएर ५ वटा डिभिजन कार्यालय मात्र बनाउने प्रस्ताव छ’, उनले भने, ‘हामीमा कर्मचारी कम भएको होइन । साना आयोजनाको संख्या धेरै भएकाले जनशक्तिको माग बढी देखिएको हो । अब आयोजनाको संख्या घटाउने र थोरै जनशक्तिबाट धेरै प्रतिफल निकाल्ने गरी अघि बढ्छौं ।’


## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशुल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर



सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं



## वास्तु किन चाहिन्छ ?

Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?

- पन्चतत्व सन्तुलित राख्न,
- वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

- वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

निशूल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL Hetauda-2



आँचल थापा

## आमा

आकांक्षा अधिकारी

सुनेको छु मैले जन्म लिँदा,
पहिलो पटक म रुँदा
तपाई हाँस्नु भएको थियो रे
पहिलो पटक मलाई हेरी
रुँदै छातीमा टाँस्नु भएको थियो रे ॥

आमा कसरी चुकाउँने होला ऋण हजुरको
हजुरको दुःखको दिन मेरो,
र मेरो सबै सुखको दिन हजुरको ॥

मिल्ने भए
आफ्नो बाँकी जीवन हजुरको नाउँ गर्थे
भगवानसँग गएर प्रार्थनामा म हजुरलाई ॥
हरेक जन्ममा मेरो आमा भई दिन माग्थे ॥

हजुरको वर्णण असम्भव छ
हजुर त भगवानको स्वरुप हौ आमा
भगवानको वर्णन गर्न कसैले सक्दैन ॥

मृत्यु दिने धेरै छन् संसारमा
तर जन्म दिने मात्र आमा आमा ॥

*कक्षा-६*

## कविताको सूर्य ‘भानुभक्त’

समिक्षा रौनियार

भानुभक्त महान्, कवि नेपालकै शान
शब्दले बुने कथा, दिए ज्ञानको दान
तनहुँ जन्मे ती, रामकथा ल्याए
जनताका मनहरुमा उज्यालो छराए ॥

संस्कृत जान्दा पनि, जनभाषा रोजे,
आमाको बोलीमा, अमृत शब्द पोखे
सरलता थियो शैली, मिठासको स्वाद
नेपाली साहित्यमा, दिए गहिरो याद ॥

वनवासको कथा लेखी, रामको गुण गाए
धर्म, भक्ति, नीति सब सरल भाव ल्याए
काग प्रसंग सुनी, ज्ञानको ज्योति जलाए
नामले हैन कर्म, मानिस अमर बनाए ॥

छन्द, तुक र लयले, मन जित्ने बानी
कविताको दुनियाँमा, भानु थिए ज्ञानी
जय भानुभक्त लेखौं, कविता गाउ साथ
उहाँको यो योगदान, बिर्सनु हुन्न कहिल्यै हात ॥

*कक्षा-५*



सुदिप भोलोन
कक्षा-४

## ‘प्रजातन्त्र दिवस’

सुप्रिम दाहाल

अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले जनताद्वारा जनताले जनतामाथि जनतालाई गरिने शासनलाई प्रजातन्त्र भनिन्छ भने परिभाषित गरेका थिए । जुन आज विश्वमा सबैभन्दा उत्कृष्ट र लोकप्रिय शासन व्यवस्थाको रुपमा प्रचलित छ । नेपालमा जहानीया शासनलाई अन्त्य गर्दै वि.सं २००७ फागुन ७ गते प्रजातन्त्र स्थापना भएको थियो ।

जहानीया शासनको अन्त्य गरेर स्थापना भएको प्रजातन्त्रले तानाशाही शासनबाट मानिसलाई मुक्त पारेको छ । यस दिवसमा राष्ट्रका राष्ट्रिय व्यक्ति र विशिष्ट व्यक्तिबाट प्रजातन्त्रको प्राप्ति समेटी विभिन्न नागरिकलाई शुभकामना प्रदान गरिन्छ । यो दिवस मनाउनुको कारण तानाशाही शासनबाट मुक्त भएर प्रजातन्त्रको सुनौली बिहानीसहित देख्न पाउनु हो । विभिन्न शासनलाई सुनिश्चित गर्दै यो दिवस मनाइने गरिन्छ । यस दिवसले जनताको हरेक माग पूरा गर्ने हुनाले यस दिवस सबैको लागि महत्वपूर्ण हुन्छ ।

यो दिवस, दिवस नभई जनताको शासन भनेर पनि चिनिन्छ । जहानीय शासनलाई अन्त्य गरी मनाइएको प्रजातन्त्र दिवसले जनतालाई धेरै खुसी र हरेक माग पनि पूरा गरेको छ । प्रजातन्त्र नेपालमा ल्याउन जनताले निकै कष्ट र मेहनत गरेका थिए । यस दिवसले जनताका हरेक माग पूरा गरेको साथसाथै देशको विकास पनि गरेको छ । हामीले यस दिवस उजागर गर्न जनतासामु यस प्रचलन परिस्कृत गर्दै जानुपर्छ । यस दिवस मात्र नभई विश्वसामु यस दिवसको महत्व परिचित गर्नु आजको अपरिहार्य छ ।

*कक्षा-५*

## प्रधानमन्त्री कप क्रिकेट

# बागमती आर्मी क्लबसँग पराजित




*त्रिभुवन आर्मी क्लबका कुशल मल्ललाई प्लेयर अफ द म्याचको ट्रफी प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः पुरुष एकदिवसीय प्रधानमन्त्री कप प्रतियोगितामा बागमती प्रदेश विभागीय टोली त्रिभुवन आर्मी क्लबसँग पराजित भएको छ । प्रतियोगितामा गण्डकी प्रदेशले नेपाल एपीएफ क्लबलाई पराजित गरेको छ ।

प्रतियोगिताको आइतबार भएको खेलमा बागमती प्रदेश ३ विकेटले पराजित भएको छ । माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको बागमती र आर्मीबिचको खेल वर्षाका कारण ढिला सुरु हुँदा २८ ओभरमा सिमित भएको थियो । खेलमा आर्मी क्लबले सुरुमा टस जितेर बलिङ रोजेको थियो ।

टस हारेर ब्याटिङको निम्तो पाएका बागमतीले आर्मीलाई २०९ रनको लक्ष्य दिएको थियो । बागमतीले निर्धारित २८ ओभरमा ७ विकेट गुमाएर २०८ रन बनाएको थियो । बागमतीका आशुतोष घिरैयाले ३८ रन, पवनबहादुर थापाले ३५ रन, विवेक राना मगर र सोनु देवकोटाले समान ३०/३० रन बनाए । आर्मीका नरेन साउदले ४ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको आर्मीले १ बल बाँकी छँदा लक्ष्य भेट्टायो । आर्मीले २७ ओभर ५ बलमा ७ विकेट गुमाएर लक्ष्य भेट्टाएको थियो । आर्मीका लागि अलराउन्डर कुशल मल्लले अविजीत ९० रन बनाए । ओपर ब्याटर त्रितराज दासले पनि ५४ रनको योगदान गरे । बागमतीका ईशान पाण्डे र विवेक राना मगरले समान २/२ विकेट लिए ।

तल्लो मुलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा गण्डकी प्रदेशले विभागीय टोली नेपाल एपीएफ क्लबलाई ४३ रनले पराजित गरेको छ । यी दुई टोलीबिचको खेल यसअघि शनिबार वर्षाका कारण स्थगित भएको थियो । आइतबार पनि वर्षाका कारण खेल ढिला सुरु हुँदा खेल २१ ओभरमा सिमित भएको थियो ।

सुरुमा ब्याटिङ गरेको गण्डकीले एपीएफ सामु १५१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । गण्डकीले निर्धारित ओभरमा ७ विकेट गुमाएर १५० रन जोडेको थियो । गण्डकीका गौरभ विश्वकर्माले ३७ रन, दीपकप्रसाद डुम्रेले ३४ रन र अर्जुन कुमालले २५ रन बनाए । एपीएफका बलर अभिनाश बोहराले ३ विकेट लिए ।

लक्ष्य पछ्याएको एपीएफ १०७ रनमै अलआउट भयो । एपीएफले १८ ओभर ३ बलमा सबै विकेट गुमाएर १०७ रनमात्रै बनाउन सक्यो । एपीएफका लागि सुमित महर्जनले सर्वाधिक २२ रन बनाउँदा दुबै ओपनर ब्याटर लोकेश बम र आशिफ शेख समान १४ रन बनाएर आउट भएका थिए । गण्डकीका अप्रजीत पौडेल र किब्रिन श्रेष्ठले समान ३/३ विकेट लिए ।

१० वटा टोली सहभागी प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लब अंक तालिकाको शीर्ष स्थानमा र नेपाल पुलिस क्लब दोस्रो स्थानमा रहेको छ । आर्मी क्लबले ४ खेलबाट ७ अंक र समान खेलबाट पुलिसले ५ अंक जोडेको छ । प्रतियोगितामा ४ खेलबाट ३ अंक जोडेका एपीएफ क्लब सातौँ र गण्डकी प्रदेश आठौँ स्थानमा रहेको छ । ४ खेलमा एक खेलमात्र जित्न सकेको बागमती अंक तालिकाको नवौँ स्थानमा छ ।

## खड्का मकवानपुरका उत्कृष्ट प्रहरी घोषित

समाज संवाददाता

हेटौँडाः फागुन महिनाको उत्कृष्ट प्रहरीको रुपमा प्रहरी सहायक निरीक्षक भरतकुमार खड्का घोषित हुनुभएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले मंगलबार खड्कालाई फागुन महिनाको उत्कृष्ट प्रहरी घोषणा गर्दै सम्मान गरेको हो ।

खड्का प्रहरी चौकी भैँसेमा कार्यरत हुनुहुन्छ । उहाँबाट सम्पादित कार्य मूल्याङ्कन गर्दै महिनाको उत्कृष्ट प्रहरी छनोट कार्यविधि, २०७९ बमोजिम यो सम्मान प्रदान गरिएको हो । खड्काले फागुन महिनामा ठूलो मात्रामा लागूऔषध समात्नुका साथै प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ लाई शान्त, निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# काभ्रे र धादिङमा सवारी दुर्घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : प्रदेशको काभ्रे र धादिङ जिल्लामा सवारी दुर्घटनामा परेर ३ जनाको मृत्यु भएको । एकैदिन छुट्टा-छुट्टै सवारी दुर्घटनामा काभ्रेमा २ जना र धादिङमा १ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शनिबार काभ्रेको बनेपा नगरपालिका-८ स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय बनेपा पछाडीको भित्रि सडकखण्डमा पुलबजारबाट विद्युत प्राधिकरण चोकतर्फ जाँदै गरेको बा १९ च ५७४७ नम्बरको बलेरो गाडीको ठक्करबाट एक जना पैदलयात्री घाइते भएका थिए । घाइते पैदलयात्री बनेपा-१०, पुलबजारका ८० वर्षीय गंगालाल मानन्धरको शिर मेमोरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बोलेरो र बोलेरो चालक सिन्धुली जिल्लाको हरिहरपुर गाउँपालिका-१ का २२ वर्षीय शंकरमान घिसिङ प्रहरीको नियन्त्रणमा रहेको छ ।

बनेपा-३, तीनघरेमा पनि शनिबार बिहान बसको ठक्करबाट एक पैदलयात्रुको मृत्यु भएको छ । तीनघरेस्थित भित्रि सडकखण्डमा तीनघरेबाट बनेपातर्फ जाँदै गरेको बा २ ख ४८९४ नम्बरको बसले ठक्कर दिँदा सोही स्थान बस्ने १६ वर्षीय राजेश तामाङ घाइते भएका थिए ।

घाइते तामाङको शिर मेमोरियल अस्पताल बनेपामा शनिबार राती उपचारको क्रममा मृत्यु भएको हो । बस र बस चालक स्थानीय २६ वर्षीय राजन गुरुङ प्रहरीको नियन्त्रणमा रहेको छ ।

यस्तै, धादिङको थाक्रे गाउँपालिका-८ स्थित सोप्याङ खोलामा ट्रिपर अनियन्त्रित भई पल्टिँदा एक जनाको मृत्यु भएको छ । शनिबार त्रिभुवन राजपथमा मकवानपुरतर्फबाट धादिङतर्फ जाँदै गरेको बा २ क ६७३३ नम्बरको बालुवा लोड ट्रिपर ब्रेक फेल भएर आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो ।

ट्रिपरमा सवार सोही स्थान बस्ने १४ वर्षीय अनिस केसीको ग्रिन सिटी अस्पताल काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## भीमफेदी हायस दुर्घटना

# घाइते यात्रुको मृत्यु

समाज संवाददाता

हेटौँडा : हेटौँडा-कुलेखानी-काठमाडौं छोटो मार्गअन्तर्गत भीमफेदी-६, एघारघुम्तीमा शनिबार यात्रुवाहक हायस दुर्घटना हुँदा गम्भीर घाइते भएका एक यात्रुको उपचारको क्रममा मृत्यु भएको छ । काठमाडौंबाट हेटौँडा आउँदै गरेको बा ३ ख ७८७६ नम्बरको हायस गाडी ब्रेक फेल भई दुर्घटना भएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका यात्रु उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-११ का ८६ वर्षीय गोरे राईको उपचारको क्रममा शनिबार दिउँसो १ बजेर २१ मिनेटको समयमा हेटौँडा अस्पतालमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । दुर्घटनामा परी घाइते भएकाहरु उपचार पश्चात डिस्चार्ज भइसकेको प्रहरीले जनाएको छ । हायस चालक उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-११ का ५० वर्षीय गणेश खत्री प्रहरीको नियन्त्रणमा छ ।

# हेटौँडा सिमेन्ट उद्योगका अध्यक्ष भण्डारीले राजीनामा दिए

समाज संवाददाता

हेटौँडा : सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योग सञ्चालक समितिका अध्यक्ष नरेन्द्र भण्डारीले पदबाट राजीनामा दिएका छन् । उनले आइतबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा राजीनामा बुझाएका हुन् ।

गत २०८१ साल जेठ २४ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार तीन वर्षका लागि नियुक्त भएका भण्डारीले कार्यकाल बाँकी छँदै 'परिवर्तित राजनीतिक परिस्थिति' लाई मुख्य कारण देखाउँदै राजीनामा दिएका हुन् । राजीनामापत्रमा भण्डारीले आफ्नो कार्यकालमा उद्योगलाई सुदृढ बनाउन निरन्तर प्रयास गरेको उल्लेख गरेका छन् । पुरानो मेसिनरी संयन्त्र, प्रविधिगत सीमितता र चरम आर्थिक अभावका बाबजुद पनि उद्योगलाई सञ्चालनमा राख्न सफल भएको र हाल उद्योगमा क्लिङ्कर उत्पादन तथा बिक्री प्रक्रिया नियमित भइरहेको उनले दावी गरेका छन् ।

अध्यक्ष भण्डारीले राजीनामा पत्रमार्फत मन्त्रालयको कार्यशैलीप्रति असन्तुष्टि समेत व्यक्त गरेका छन् । उद्योगलाई प्रतिस्पर्धी बनाउन आवश्यक पर्ने पुँजीगत तथा चालू खर्च व्यवस्थापनका लागि पटक-पटक ऋण तथा अनुदानका लागि अनुरोध गरे तापनि मन्त्रालयबाट कुनै ठोस नीतिगत निर्देशन र आर्थिक व्यवस्थापन नभएको उनले गुनासो गरेका छन् ।

# एसईई केन्द्राध्यक्षहरुलाई अभिमुखीकरण

समाज संवाददाता

हेटौँडा : विद्यालय शिक्षा परीक्षा (एसइइ) नजिकिँदै गर्दा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरले परिक्षा केन्द्राध्यक्षहरुलाई अभिमुखीकरण सम्पन्न गरेको छ । आइतबार मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज रेग्मीको अध्यक्षतामा सम्पन्न अभिमुखीकरण कार्यक्रममा परीक्षाको तयारी, प्रश्नपत्रको सुरक्षा, परीक्षा केन्द्रहरुको सुरक्षा संवेदनशीलता लगायतको विषयमा अन्तरक्रिया भएको हो ।

अभिमुखीकरणमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख सुदीप गिरिले जिल्लाका परीक्षा केन्द्र रहेका २८ वटा विद्यालयहरुको वस्तुस्थितिबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्ने बारे र विद्यार्थी अनुशासनबारे पनि छलफल भएको छ । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीको साथै जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्याम बहादुर खत्री, सशस्त्र प्रहरी उपरीक्षक नीवन कुमार खड्का लगायतका जिल्लास्थित सुरक्षा संयन्त्रका प्रमुखहरुको उपस्थिति थियो । एसईई यहि चैत्र १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुँदैछ । मकवानपुर जिल्लाका १० वटा पालिकाहरुमा गरी कुल २८ वटा बिद्यालयहरुमा परिक्षा केन्द्रहरु तोकिएका छन् ।

# ओली, देउवा र प्रचण्डको सम्पत्ति छानबिन गर्न सीआईबीले अघि बढायो प्रक्रिया

काठमाडौंः तीन पूर्वप्रधानमन्त्रीको सम्पत्ति छानबिन प्रक्रिया अघि बढेको छ । पूर्वप्रधानमन्त्रीहरू शेर बहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल (प्रचण्ड)को सम्पत्ति छानबिनको प्रक्रिया अघि बढेको हो ।

सम्पत्ति शुद्धीकरण विभागले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)लाई पत्राचार गरेपछि सीआईबीले अनुसन्धान प्रक्रिया अघि बढाएको हो ।

विभागकै पत्राचारअनुसार आइतबार कांग्रेस नेता तथा पूर्वउर्जा मन्त्री दीपक खड्का पक्राउ परेका हुन् । 'विभागको पत्रअनुसार हामीलाई उहाँ (दीपक खड्का)लाई सम्पत्ति शुद्धीकरणको अनुसन्धानका लागि पक्राउ गरेका हौं,' सीआईबीका एआईजी डा. मनोज केसीले अनलाइनखबरसँग भने ।

डा. तीन पूर्वप्रधानमन्त्रीको हकमा भने केही बोल्न चाहेनन् । तर गृह स्रोतका अनुसार विभागको पत्राचारअनुसार सीआईबीले तीन पूर्वप्रधानमन्त्रीहरूको सम्पत्तिबारे अनुसन्धान अघि बढाएको छ ।

यसअघि जेनजी आन्दोलन हुँदा शेरबहादुर देउवाको घरमा पैसा भेटिएको विषय सार्वजनिक भएको थियो । त्यसपछि विभागले देउवा निवासमा पुगेर मुचुल्का समेत उठाएको थियो । प्रचण्डपुत्री गंगाको निवास र ओली निवासको समेत घटनास्थल मुचुल्का उठाएर अनुसन्धान अघि बढाएको थियो ।

अहिले त्यही अनुसन्धानलाई थप तिव्रता दिइएको हो । विभागले पत्राचारपछि अहिले यसको अनुसन्धान सीआईबीले अघि बढाएको छ । *(स्रोतः अनलाईनखबर)*

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

**वितरक चाहियो**

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**

**समृद्ध समाज राष्ट्रिय दैनिक**

**हेटौँडा-४, मकवानपुर**

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**

बागमती प्रदेश, हेटौँडा

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौँडाको वन पैदाबार बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना**

*प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१२/१६*

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको हेटौडा १० टि.सि.एन. चौरमा निर्माणाधीन बेसिक साइन्स भवन र सो हाता भित्र निर्माण हुने प्रिफ्याब भवन परिसरभित्र रहेका जोखिम युक्त मसलाका रुखहरू कटान सम्पन्न भएको र प्राप्त गोलिया थान १९६ को ७५६.३७ क्यू.फि. काठ तथा १.५ (२०'८५'८५') चट्टा दाउरा घाटगद्दीमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भई सूचीकृत र अद्यावधिक भएका इच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ साथै प्रतिष्ठानको वेबसाइट www.mbahs.edu.np मा समेत राखिएको छ ।




समृद्धि प्रकाशन प्रा.लि. द्धारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ